आज मिति २०८१ साल श्रावण ३२ गते शुक्रबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३५ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

| | | | |
|---|---|---|---|
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | भगवती |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | दुर्गा |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | शान्ति |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री हरि बहादुर भुजेल | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगर कार्यपालिका

बैठक संख्या ३५

## कार्यपालिका बैठकका प्रस्ताव सूचि

**मिति २०८१।४।३२ गते**

१. गत बैठकको समिक्षा ।

२. गत आ.ब को आय व्यय सार्वजनिक ।

३. वडागत मर्मत सम्भार कोष परिचालन कार्यविधि संसोधन सम्बन्धमा ।

४. जैमिनीकी छोरी कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा ।

५. मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम साझेदारी सम्बन्धमा ।

६. आ व २०८१/०८२ को बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्बन्धमा।

७. टोल विकास संस्था गठन दर्ता र परिचालन सम्बन्धमा ।

८. आन्तरिक नियन्त्रण प्रणाली समितिको पुर्णता दिने सम्बन्धमा ।

९. नगर खेदकुद विकास समितिले पेश गरेको कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

१०. आर्थिक वर्ष २०८१।०८२ का लागि पालिकाको बार्षिक दर रेट सम्बन्धमा

११. कर्मचारीको स्तर वृद्दि सम्बन्धमा

१२. गाजा दल माईनिङ् कम्पनीको खानी अनुमतिको प्रक्रिया सम्बन्धमा ।

१३. विपद् राहत सम्बन्धमा ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगर कार्यपालिका

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीशेरा, बागलुङ २०७२

बैठक संख्या ३५

# निर्णयहरु

निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

निर्णय नं २

पालिकाको आ.ब २०८१/०८२ सम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

| शिर्षक | आ.व.०८०/८१ को | | | |
|---|---|---|---|---|
| | प्रस्तावित आय | यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत |
| कुल जम्मा बजेट | ७४७७९७२१४.५८ | ६४०१७२४२७ | ६३१६१४२५६.०३ | 84.46 |
| कुल पूंजिगत बजेट | २२८४३६२१४.५८ | | १७१५५३३०९.५८ | 75.09 |
| कुल चालु बजेट | ५१९३६१००० | | ४६००६०९४६.४५ | 88.58 |
| संघीय वित्तिय समानिकरण अनुदान | ११२०००००० | १०४१६००० | ९४५२३५८६ | 93.00 |
| संघीय सशर्त अनुदान पूंजिगत | ८१००००० | ८०२१००० | ६९५९७५६ | 99.02 |
| संघीय सशर्त अनुदान चालु | ३९०६६१००० | ३९०५७४८४०. | ३५७६९७४५७.६८ | 99.98 |
| संघीय विशेष अनुदान चालु | १३०००००० | १०२०५२१८ | १०१६६४०६ | 78.50 |
| संघीय समपुरक अनुदान पूंजिगत | ५०००००० | ४८८६४६६ | ४८८६४६६ | 97.73 |
| प्रदेश वित्तिय समानीकरण अनुदान | १४७५६००० | ११०६७००० | १०९२१३७० | 75.00 |
| प्रदेश सशर्त अनुदान पूंजिगत | ६०००००० | ६०००००० | ६०००००० | 100.00 |
| प्रदेश समपुरक अनुदान पूंजिगत | ५०००००० | ४२१०००० | ४२१०००० | 84.20 |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

| | | | | |
|---|---|---|---|---|
| संघीय राजश्व बाँडफाँड | ९९५६४७०० | ८५५२१२००.५५ | ७८७३८६९३.६३ | 85.90 |
| प्रदेश राजश्व बाँडफाँड | ८९४८००० | ८८७६३५५ | ५१५५१८४ | 99.20 |
| आन्तरीक आय | ११५००००० | १२३०७४९५ | ४८९७२९९० | 63.00 |
| गत वर्षको अल्या | ६५८५१५०८.५८ | ६५९७४७०८.८५ | | |
| अंन्य | ७४१६००६ | ३४३७२५४ | ३४३७२५४ | 46.00 |

निर्णय नं ३

वडागत मर्मत संभार कोष २०७६ मा भएका व्यवस्थालाई निम्नानुसार थपघट गर्ने निर्णय गरियो ।

वडागत मर्मत संभार कोष संचालन सम्वन्धि कार्यविधि-२०७६

थपघट वा संशोधन

| सि.न. | वर्तमान भएको व्यवस्था | थपघट वा हटाइएको | कारण |
|---|---|---|---|
| १ | प्रस्तावना-सबै वडाको नाममा एक/ एक वटा हटाइएको | हटाइएको | नगरस्तरमा १ वटा मात्र वडागत मर्मत संभार कोष रहने भएकोले |
| २ | बुदाँ नं. ३ वडागत मर्मत संभार कोष रहने भनि बुदाँ नं.३ (१) मा रहेका क, ख, लाई | बुदाँ नं.३.१ र ३.२ गरी मिलाइएको छोटो बनाइएको। | भाषा नमिलेको। |
| ३ | बुदाँ नं.५ थप गरी कोषको खाता संचालन तथा परिचालन थप गरिएको। | बुदाँ नं. ३ मा नै रहेको व्यवस्था हटाइएको। | बुदाँ नं ३ बाट छुट्टै बनाउनु उपयुकत देखिएको। |
| ४ | बुदाँ नं.५ समितिको काम, कर्तव्य र अधिकार | बुदाँ नं ६ कायम गरी पुनर्लेखन गरी मिलाइएको। सडक हेरालुको व्यवस्था थप गरिएको। | सान्दर्भिक नभएकोले पुनर्लेखन आवश्यक देखिएको। |
| ५ | नयाँ थप | बुदाँ नं. ७ थप गरी सडक मर्मत सम्बन्धि व्यवस्था थप गरिएको। | वडागत मर्मत संभार कोषबाट सडक हेरालु राखु आवश्यक भएकोले सो अनुरुप कार्यान्वयन गर्नुपरेको। |
| ६ | बुदाँ नं.६, ७, ८, ९, १०, ११, १२ र १४ लाई | बुदाँ नं ८, ९ र १० कायम गरी समितिको बैठक कोषको रकम कार्यविधि संशोधन शिर्षकमा मिलान गरिएको केही असान्दर्भिक विषय हटाइएको। | सान्दर्भिकता मिलाइएको। |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ४

जैमिनी नगरपालिकाको १५ औ नगरसभाबाट स्वीकृत बार्षिक नीति कार्यक्रम र बजेटमा समावेश भएको **छोरी जन्मे घर खुसीको** लहर भन्ने नारा सहितको जैमिनीकी छोरी कार्यक्रम सञ्चालनका लागि निर्माण गरिएको **जैमिनीकी छोरी कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१** स्वीकृत गरियो ।

निर्णय नं ५

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद् बाट आह्वान भएको मुख्यमन्त्री नवप्रवर्तनात्मक कार्यक्रमका लागि जैमिनी नवप्रवर्तनशाला सँगको समन्वयमा सञ्चालन हुने गरि पेश गरिएको बाँसका सामाग्रीको उत्पादन तथा बजारीकरण सम्बन्धी परियोजनाका लागि पालिकाको तर्फबाट २५ प्रतिशत लागत साझेदारी गर्ने गरि प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ६

जैमिनी नगरपालिकाको यस आर्थिक बर्ष २०८१/०८२ मा सञ्चालन गर्ने स्वीकृत बार्षिक विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि तयार गरेको बार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७

जागरुक नागरिकका सहभागितामा सामाजिक परिचालन गर्ने उदेश्यले गठन गर्न खोजिएको टोल विकास समितिको गठन दर्ता र परिचालन सम्बन्धमा निम्नानुसारको कार्ययोजना स्वीकृत गरि लागु गराउने निर्णय गरियो ।

| क.सं. | क्रियाकलापहरु | समय अवधी | जिम्मेवारी |
|---|---|---|---|
| १ | कार्यविधी अनुसार टोल बिभाजन, टोल विकास संस्था गठन गर्न संख्या यकीन गरी वडा समितिबाट पारित गर्ने | २०८१ भाद्र मसान्त भित्र | वडा समिति |
| २ | टोलको भेला, समिति गठन, नामाकरण लगायतका निर्णयहरु सम्पन्न गर्ने | २०८१ आश्विन १५ भित्र | वडा समिति/वडा सचिव |

२०८१/५/६२

| | | | |
|---|---|---|---|
| ३ | टोलको दर्ता प्रक्रियाका लागि चाहिने कागजातहरु तयारी गर्ने | २०८१ आश्विन मसान्त भित्र | वडा समिति/टोल विकास समितिका अध्यक्ष/सचिव |
| ४ | नगर कार्यपालिकामा दर्ताला लागि कागजात पेश | २०८१ कार्तिक १५ भित्र | टोल विकास समितिका मुख्य पदाधीकारीहरु |
| ५ | पेश भएका कागजातहरुको रुजु गर्ने, नपुग कागजात थप गर्ने/शंशोधन गर्ने कार्य | २०८१ कार्तिक २५ भित्र | जैमिनी न.पा. सामाजिक विकास शाखा |
| ६ | दर्ता गरी प्रमाण पत्र जारी गर्ने | २०८१ कार्तिक मसान्त भित्र | जैमिनी न.पा. सामाजिक विकास शाखा |

निर्णय नं ८

जैमिनी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०७८ को नियम २०.१ मा व्यवस्था भए अनुसार निम्नानुसार आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

क. नगर प्रमुख नर बहादुर पुन संयोजक

ख. उपप्रमुख हरिहर शर्मा सदस्य

ग. सुशासन समितिको संयोजक प्रेम सापकोटा सदस्य

घ. कार्यपालिका सदस्य मध्येबाट एक महिला सहित २ जना कृष्ण बहादुर भुजेल र दुर्गा देवि पाध्या

ङ. प्रमुख आर्थिक प्रशासन शाखा सुर्य बहादुर वि.क सदस्य

च. आन्तरिक लेखापरीक्षक अम्बिका सापकोटा सदस्य सचिव

साथै निर्देशिकाको नियम २०.४ अनुसार वडास्तरीय आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति वडा अध्यक्षको अध्यक्षतामा गठन गरि सोको जानकारी नगर स्तरीय समितिमा यहि भाद्र मसान्त भित्र गराउने निर्णय गरियो ।

२०८१/४/३२

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगर कार्यपालिका

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

बैठक संख्या ३५

निर्णय नं ९

जैमिनी नगरपालिकाको १५ औ नगरसभा द्वारा नगर खेलकुद विकास समितिका लागि स्वीकृत बजेट रु १७६०००० अक्षयरुपी सत्रलाख साठी हजार लाई नगर खेलकुद समितिको मिति २०८१।४।३० गते बसेको बैठकले विभिन्न शिर्षकका विभाजन गरि पेश गरेकाले प्राप्त बजेट शिर्षकलाई अनुमोदन गरि नगरस्तरमा विभिन्न खेल गतिबिधि सञ्चालन गर्ने निर्णय गरियो ।

| क स | सञ्चालन गर्ने कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|
| १ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन व्यवस्थापन तथा जिल्ला स्तरीय सहभागिता | रु ८००००० |
| २ | नगर स्तरीय भलिबल छनौट तथा प्रशिक्षण | रु १५०००० |
| ३ | विद्यालय स्तरीय शिक्षक कबड्डी तथा तेक्वान्दो प्रशिक्षण | रु ७५००० |
| ४ | खेलाडी सम्मान | रु ३५००० |
| ५ | खेलकुद सामाग्री खरिद | रु १५०००० |
| ६ | खेलकुद सहभागिता तथा सहयोग | रु ३००००० |
| ७ | खेलकुद विकास समिति सञ्चालन तथा व्यवस्थापन | रु २०००००( कै- थप कार्ययोजना पेश गर्ने गरि) |
| ८ | विविध | रु ५०००० (कै- थप कार्ययोजना पेश गर्ने गरि) |
| | जम्मा: रु सत्र लाख साठी हजार | रु १७६०००० |

निर्णय नं १०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ अनुसार स्थानीय पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम् दररेट तोक्नु पर्ने व्यवस्था अनुसार पालिकाले तयार गरेको आर्थिक बर्ष २०८१/०८२ का लागि न्यूनतम् दररेट छलफल गरि स्वीकृत गरियो ।

२०८१/८/५/२

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगर कार्यपालिका

बैठक संख्या ३५

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

निर्णय नं ११

स्थानीय सेवा ( गठन तथा सञ्चालन ) ऐन २०७९ बमोजिम जैमिनी नगरपालिका कार्यपालिकाको सूचना नं २६ मिति २०८१।०३।२५ गतेको दरबन्दी कायम तह बृद्दिको लागि प्रकाशित भएकोमा तोकिएको समयमा दर्ता हुन आएका उमेदवारहरुको पेश भएका सबै प्रमाणहरुको मुल्याङ्कन गरि तपशिल बमोजिम उमेदवारहरुको तह बृद्दि हुन योग्य हुने भनि पेश भए बमोजिम तपशिलका कर्मचारीको दरबन्दी कायम गरि तह बृद्दि गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं | उमेदवारको नामथर | हालको तहमा सेवा अवधि | शैक्षिक योग्यता | हालको तह | तह बृद्दि/दरबन्दी कायम हुने | तह बृद्दि/दरबन्दी कायम हुने अवस्था | ऐनको दफा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री पृथी बहादुर थापा | ७ बर्ष ०८ महिना १४ दिन | बि.ए. | सहायक चौथो | सहायक पाँचौ, प्रशासन | तह बृद्दि भईदरबन्दी कायम हुने | ९(५) | |
| २ | मोहन कुमार के.सी | ५ बर्ष ०८ महिना १ दिन | कक्षा १२ पास | सहायक चौथो | सहायक पाँचौ (लेखा ) | तह बृद्दि भईदरबन्दी कायम हुने | ९(५) | |
| ३ | रुद्र बहादुर वि.क | ६ बर्ष ५ महिना १८ दिन | बि.ए. | सहायक चौथो | सहायक पाँचौ, प्रशासन | तह बृद्दि भईदरबन्दी कायम हुने | ९(५) | |
| ४ | बिक्रम किसान | ६ बर्ष ५ महिना ०५ दिन | बि एस सी | सहायक चौथो | सहायक पाँचौ, प्रशासन | तह बृद्दि भईदरबन्दी कायम हुने | ९(५) | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं १२

गाजा दह माईनिङ् ईन्डष्ट्रिज प्रा लि जैमिनी न पा ३ बागलुङले मिति २०८१ श्रावण १४ गतेका दिन पेश गरेको साधारण निर्माणमुखि खनिज पदार्थ कार्यको लागि अनुमतिपत्रको प्रक्रिया अगाडि बढाई पाँउ भनि पेश गरेको निवेदन उपर छलफल भयो । खानी तथा खनिज पदार्थ ऐन २०४२ को दफा ५ र खानी तथा खनिज पदार्थ नियमावली २०५६ को नियम १५ अनुसार त्यस प्रकृतिको उत्खन्नन कार्यका लागि खानी तथा भुगर्भ विभागको अनुमति लिनु पर्ने प्रावधान अनुसार निवेदक गाजा दह माईनिङ् ईन्डष्ट्रिज प्रा लि लाई कानूनअनुसार अनुमति दिने प्रक्रिया अगाडि बढाईदिन सिफारिस गरि पठाउने निर्णय गरियो ।

## निर्णय नं १३

यस जैमिनी नगरपालिकाको छिमेकी पालिका बागलुङ जिल्लाको बडिगाड गाँउपालिका १० आरुपाटामा यहि श्रावण २३ गतेका दिन ठूलो बाढि गई मानविय क्षति सहितको विपद् परेकोमा जैमिनी नगरपालिकाको तर्फबाट आवश्यक मानविय सहायता उपलब्ध गराउन उपयुक्त हुने हुदाँ विपद् साझेदारी मोडलमा जैमिनी नगरपालिका र बडिगाड गाँउपालिका बिच समन्वयमा विपद् मा परेका घर परिवारलाई सुरक्षित आवासको व्यवस्था गर्न विपद् मा परेका मध्ये दुई घर बनाउन आवश्यक जस्तापाता बराबरको सहायता रकम जैमिनी नगरपालिकाको तर्फबाट हस्तान्तरण गर्ने निर्णय गरियो ।

२०८१/४/३२

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत